बैठक संख्या : ८०
मिति :- २०७७/०७/२५ गते (मंगलवार)
समय :- विहान ८ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुंगा | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री विशक्सेन ढकाल | सदस्य- सचिव |

**निर्णय नं. १ :-** आर्थिक वर्ष ०७७।०७८ का लागि स्वीकृत प्रारिम्भक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार कमलामाई नगरपालीका क्षेत्रभित्रका नदी,खोलाहरुको दहत्तर । बहत्तर उत्खनन् तथा विक्री गर्न मिति ०७७।०६।१८ गते तिन वाट प्याकेजका ठेक्का आव्हान गरिएकोमा उक्त ठेक्का सम्बन्धी कुनै पनि वोलपत्र कार्यालयमा दर्ता नभएकोले स्वीकृत प्रारिम्भक वातावरणीय परीक्षण प्रतिवेदन अनुसारका खोला नदिहरुको गत वर्षमा छुटा-छुट्टै नदी / खोलाहरुको ठेक्का आव्हान गर्दा ठेक्का लागेको अवस्थामा यस आर्थिक वर्षको लागि सोही प्रक्रिया अपनाई प्रत्येक खोला/ नदी को लागि बाकी अवधि हिसाव गरी कमलामाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्वन्धी कार्यविधि ,२०७५ मा भएको व्यवस्था अनुसार पुनः १५ दिनको म्याद दिई वोलपत्र सूचना आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** भू-संरक्षण कार्यालयमा रहेको क्वारेन्टिनमा वाहिरवाट आई वसेका व्यक्तिहरुलाई मिति २०७७ श्रावण १ देखि असोज ६ सम्मको खाना/ खाजा खर्च वापत रु ६७४०४५।-( छ लाख चौहत्तर हजार पैत्तालिस) सिताराम पार्टी प्यालेसलाई चालु आर्थिक वर्षमा भुक्तानी गरिएकोले उक्त खर्च लाई अनुमोदन गर्ने ।

**निर्णय नं. ३ :-** आर्थिक वर्ष ०७७।०७८ को विनियोजन ऐन ,२०७७ को अनुसूचि-३ (ख) मा मोतिविन्दु,आँग खस्ने लगायतको उपचार शिर्षकमा विनयोजन रु.१५,००,०००।- मध्ये मोतियाविन्दु निःशुल्क आँखा अप्रेशन कार्यक्रमको लागि रु.६०००००।- (छ लाख) र आकस्मिक रक्त संचार सेवा प्रभावकारी संचालनको लागि रु. ३०००००।- (तिन लाख) नेपाल रेडक्रश सोसाईटी शाखा ,सिन्धुली संग सम्झौता गरि कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. ४ :-** कमलामाई नगरपालिका सिन्धुलीमा हाल सम्म (ख) वर्गको एम्वुलेन्स गाडी संचालनमा नभएको हुँदा चालु आर्थिक वर्ष को स्वीकृत विनियोजन ऐन, २०७७ को अनुसूचि ३ (ख) को एम्वुलेन्स खरिद गर्न को लागि विनियोजन रु.२७,००,०००।- वाट उक्त एम्वुलेन्स गाडी भन्सार छुट तथा सम्पूर्ण खरिद

प्रक्रिया गराई खरिद संचालन गर्नका लागि चालु आर्थिक वर्षमा रु.२०,००,०००।-(विस लाख) नेपाल रेडक्रश सोसाईटी शाखा सिन्धुली लाई सम्झौता गरी रेडक्रश मार्फत खरिद गर्ने ।

**निर्णय नं. ५** :- सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौ को च.न.५१, मिति २०७७६।२० को पत्र अनुसार भारत सरकारको सहयोगमा सचालित साना विकास परियोजना सम्बन्धमा उल्लेखित अनुसार योजनाहरु प्रस्तावहरु पेश गर्ने ।
योजनाहरुको नाम :

१. डाडी रिङ्ग रोड सडक
२. केवरे - राकेसे - केरावारी- वासकटेरी सम्म सडक
३. कमलामाई नगरपालिका ११ - फिटिङ्ग भीरगाँउ सडक
४. बथानचौरी -कोरुम खोला सडक
५. कमलामाई नगरपालिका २ हाईवे देखी निवुवाटार मा.वि. सम्म सडक
६. सिलामे भित्री वाटो सडक

**निर्णय नं. ६**:– ईलाका प्रहरी कार्यालय, भिमानलाई गाडि मर्मत वापत रु.१,५०,०००।- (एक लाख पचास हजार) चालु शीर्षकको सवारी मर्मत शीर्षकबाट भुक्तानी दिने ।